# आर्थिक वर्ष २०८१।०८२ को

# बजेट बक्तव्य

अदानचुली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

श्रीनगर, हुम्ला

कर्णाली प्रदेश

२०८१

CamScanner

अदानचुली गाउँपालिकाको १५ औं गाउँ सभामा, मिति २०८१ साल असार १० गते
उपाध्यक्ष श्री कर्ण रोकायाले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम सहितको बजेट वक्तव्य

## अदानचुली गाउँपालिका

श्रीनगर हुम्ला

कर्णाली प्रदेश

२०८१

www.adanchulimun.gov.np

## विषय सूची


शीर्षक........................................................................................................2

विषय सूची....................................................................................................3

खण्ड क) सम्बोधन.........................................................................................4

खण्ड ख) संक्षिप्त परिचय.................................................................................5

खण्ड ग) पहिलो वर्षका केही महत्त्वपूर्ण उपलब्धिहरु........................................6

अ) नीतिगत सुधार तर्फ.......................................................................6

आ) शुसाशन तथा वित्तिय क्षेत्र तर्फ.........................................................7

इ) सुचना संचार क्षेत्रमा........................................................................7

ई) पूर्वाधार विकासतर्फः-......................................................................8

उ) स्वास्थ्य तथा शिक्षा तर्फः..................................................................9

खण्ड घ) सारांशमा वार्षिक नीति तथा कार्यक्रम...............................................12

अ) पुर्वाधार विकास तर्फ.......................................................................12

आ) आर्थिक विकास तर्फ.......................................................................14

इ) सामाजिक विकास तर्फ.....................................................................20

ई) संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन तर्फ...................................25

उ) श्रम तथा रोजगार सेवा तर्फ..............................................................26

ऊ) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरण तर्फः........................28

ऋ) वित्तिय शुशासन तर्फः......................................................................29

खण्ड ङ) तर्जुमा का आधारहरु........................................................................30

अ) योजना/आयोजना छनौंट गर्दा प्राथमिकताका आधारहरु...................................30

आ) सुचना तथा संचार प्रविधि तर्फ............................................................31

खण्ड च) मुख्य कार्यक्रमहरु र विनियोजित बजेट..............................................32

## खण्ड क) सम्बोधन

यस गरिमामय गाउँ सभाका सम्माननीय सभाध्यक्ष महोदय,
प्रमुख अतिथी ज्यू, गाउँ सभाका सदस्यज्यूहरु, सम्पूर्ण अतिथी गण,
कर्मचारी वर्ग, सुरक्षा निकाय, पत्रकार बन्दु, उपस्थित महानुभावहरु र
आधार स्तम्भका रुपमा रहेका अदानचुली गाउँपालिकाका आदरणीय न्याय प्रेमी जनताहरु

१. नेपालको संविधान २०७२ को भाग १९ धारा २३० को प्राप्त अधिकार अनुसार अदानचुली गाँउपालिकाको म उपाध्यक्षको हैसियतले संघीयता जारी भए पश्चातको दोश्रो कार्यकालको लागि यस सम्मानित गरिमामय सभाको बैठकमा आ. व. २०८१।०८२ को बजेट पेश गर्न उपस्थित भएको छु।

२. समाजवाद उन्मुख राज्य व्यवस्था प्राप्तीको आन्दोलनमा जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात महान् सहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राज्य व्यवस्था परिवर्तनका युद्ध र विभिन्न आन्दोलनमा आफ्नो शरिरका अंगहरु गुमाउनु हुने घाइते तथा अपांगहरुको उच्च सम्मान गर्न चाहन्छु ।

३. नेपाली जनताले लोकतन्त्र प्राप्ति तथा संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि समय-समयमा गरेका सशस्त्र संघर्ष, जनआन्दोलन एवम् प्रदेश स्थापनार्थ भएको आन्दोलन, स्थानीय तहको स्थापना र कार्यान्वयन भए पश्चात अदानचुली गाउँपालिकाको पन्ध्रौ सभामा आर्थिक वर्ष २०८१/०८२ को यस गाउँपालिकाको नीति तथा कार्यक्रम सहितको वजेट प्रस्तुत गर्न यस गरिमामय गाउँसभामा उपस्थित भएका छौं।

४. राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नु हुने सम्पुर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित यसको लागि नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जन आन्दोलनहरुको स्मरण गर्न चाहन्छु । जनताको विकासको चाहनाको सारथिको रुपमा भूमिका निर्वाह गर्नु भएका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु र संघियता दोश्रो कार्यकाल सँगै २ (दुइ) बर्षको कार्यकालमा आफ्नो अनुभव बटुलेर यस नीति कार्यक्रम तथा बजेट कार्यक्रम बनाउने काममा सहयोग गर्न अहोरात्र खट्नु भएका जनप्रतिनीधिहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।



CamScanner

५. दैवी प्रकोप, विपद तथा महामारी जस्ता आइ पर्ने चुनौतीहरुलाई न्युनिकरण गर्दै उत्पन्न हाम्रा आवश्यकता र प्राथमिकताहरु पनि बदिलिएका छन। यस परिस्थितिमा स्थानीय तहको बजेट तर्जुमा पनि सामान्य अवस्थाको भन्दा फरक रहनेछ।

६. स्थानीय तहले विभिन्न परिस्थितिबाट उत्पन्न असरबाट सिर्जित आवश्यकताको पहिचान गरी सोही आधारमा निति, कार्यक्रम र बजेटका प्रथामिकताहरु पनि निर्धारण गरेको छ ।

## खण्ड ख) संक्षिप्त परिचय

**सभाध्यक्ष महोदय,**

अब म हाम्रो अदानचुली गाउँपालिकाको बारेमा संक्षिप्त परिचय दिने अनुमति चाहन्छु।

७. कर्णाली प्रदेश हुम्ला जिल्लाको दक्षिणमा अवस्थित १५०.६१ वर्ग किलोमिटर क्षेत्रफल भएको अदानचुली गाउँपालिकाको नेपालको सविधान २०७२ को धारा २९५ को उपधारा (३) वमोजिम कायम भएका स्थानीय तहहरू मध्ये अदानचुली गाउँपालिका पनि एक हो।

८. यसको पूर्व र उत्तरमा सर्केगाड गाउँपालिका, पुर्व दक्षिणमा मुगु जिल्ला , पश्चिम र दक्षिणमा ताजाकोट गाउँपालिका रहेका छन ।साविकका दुई वटा गा.वि.स हरू श्रीनगर र कालीका मिलेर वनेको यस गाउँपालिकामा छ वटा वडाहरू रहेका छन ।

९. राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या ८२६५ रहेको छ भने यस गाउपालिकामा परिवार संख्या १४८० रहेको छ । जनघनत्व ५५ जना प्रति वर्ग कि. मि रहेको छ । सून्दर प्राकृतिक बनोट, जैविक विविधताका साथै पर्यटन व्यावसायले समेत भरिपूर्ण र विविधतापूर्ण जातिय पहिचान रहेको छ । यस गाउँपालिकाको केन्द्र साविकको श्रीनगर गा.वि.स मा रहेको छ ।

१०. भाग्य र भविष्यका फैसला गर्ने चरणका साक्षी हामी जनप्रतिनिधि सामु थुप्रै अवसरका साथसाथै चुनौतिहरु पनि विद्यमान छन। चुनौतीहरुलाई अवसरमा परिणत गर्दै यस गाउँपालिकाको समुन्नत अवस्था निर्माण गर्नका लागि अनवरत लागि परि रहेका हामी जनप्रतिनिधि तथा कर्मचारीहरुले आ व ०८१।०८२ को बार्षिक निति तथा कार्यक्रम सहितको बजेट नेपालको संविधान, ऐन कानुन, मन्त्रालयबाट प्राप्त दिग्दर्शन तथा विभिन्न विषयगत सिलिङ्गको आधारमा माग र आवश्यकतालाई ध्यानमा राखि सहभागितामूलक तवरले तर्जुमा गरेका छौं।

## खण्ड घ) सारांशमा वार्षिक नीति तथा कार्यक्रम

सभाध्यक्ष महोदय

अब म यस अदानचुली गाउँपालिकाले आ व ०८१।०८२ का लागि अंगिकार गर्ने वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु

११. भौगोलिक विकटता र विविधता दुवै रुपमा चित्रित, गरिवी, सामाजिक कुप्रथा, रुढिवादी परम्परा, अशिक्षा, वेरोजगारी जस्ता थुप्रै समस्याहरु बाट ग्रसित यस अदानचुली गाँउपालिका लाई यस्ता समस्याहरु बाट मुक्त गराउन र विगतका दिनहरुको मुहार फेर्न तथा जनताका आधारभुत आवश्यकतालाई क्रमिक रुपमा पुरा गर्दै लैजाने नीति अनुरुप देहाय अनुसारको क्षेत्रगत र समिष्टगत वार्षिक नीति तथा कार्यक्रम तय गरिएको छ ।

अ) पुर्वाधार विकास तर्फ

१२. यस अदानचुली गाउँपालिका सडक संजालबाट टाढा रहेका वडाहरुमा ग्रामीण सडक निर्माण कार्यलाई निरन्तरतामा दिएको छु ।

१३. यस अदानचुली गाँउपालिकामा सञ्चालनमा रहेको श्रीनगर खानेपानी योजनालाई आगामी एक वर्ष भित्र सम्पन्न गरी "एक घर-एक धारा, सरसफाईमा लागौ सारा" भन्ने मुल नाराका साथ कार्यक्रम आ. व. २०८१/०८२ भित्र सम्पन्न गरिने छ। खानेपानी तथा सरसफाई शाखा मार्फत पालिका भित्रका सम्पुर्ण खानेपानी योजनाहरुको रेखदेख, स्याहार, सम्भार र परिचालन गरिनेछ ।

१४. **Wash Plan** ले गरेको कार्य दिशा तथा दृष्ट्रिकोणलाई साहाकार गर्नको लागि विभिन्न सम्बन्धित निकाय तथा तालुक निकायमा समन्वय गरी कार्य थालनी गर्ने कार्यलाई प्रारम्भ गरेको छु ।

१५. यस अदानचुली गाउँपालिका भित्र रहेका विभिन्न खेतियोग्य जमिन सिंचाइको अभावमा रहेकोले उक्त खेतियोग्य जमिनमा सिंचाइको लागी सिंचाइ, नहर, पोखरी, प्लाष्टिक पोखरी तथा लिफ्ट सिचाइ निर्माण गर्ने कार्यक्रम तय गरिनेछ।

१६. प्रशासकीय भवन, वडा भवन तथा पन्ध्र सैंयाको अस्पताल निर्माणको लागि यसै आ. व. २०८१।०८२ बाट थालनी गर्ने गरी आवश्यक प्रकृयाको थालनी गरीने छ।

१७. शैक्षिक सुधारको लागि जिर्ण रहेका तथा भवन अभाव भएका विद्यालयको भवन निर्माणमा प्रथमिकता दिई अबको भवनको संरचना भुकम्प प्रतिरोधात्मक तथा पक्की भवन निर्माण कार्यलाई प्राथमिकता राखेको छु ।

१८. गाउँपालिका भित्र निर्माण हुने २० लाख भन्दा वढि लागत भएका भौतिक पुर्वाधारका कार्यक्रमहरुको सन्धर्भमा अनिवार्य रुपमा **DPR** गरी सोको आधारमा कार्य आदेश गरी निर्माण कार्य संचालन गरिने व्यवस्था गरेको छु ।

१९. भौतिक पुर्वाधारको निर्माण कार्य यस आ.व.२०८१।०८२ बाट ठेक्का,वोल पत्र दरभाउ पत्र जस्ता कार्यलाइ पहिलो प्राथमिकतामा रहेको छ । यसै दोश्रो प्राथमिकतामा दर्ता उपभोक्ता समिति र तेश्रो प्राथमिकतामा समावेसी गाउँपालिकाले तोकेको संघिय तथा प्रादेशिक कानुन अनुसार हुने गरी जन पक्षिय उत्तरदायी उपभोक्ता समितिलाई कायम हुने व्यवस्था गरेको छु ।

२०. अदानचुली गाउपालिकाले कायम गरेको योजना बैंकबाट जनताका आवाज सुनुवाई हुने गरी टोल, वस्ती, वडाबाट छनौट भई आएका योजनाहरु नै यस नीति तथा कार्यक्रममा समावेश गरेको छु।

२१. पुर्वधार योजनामा कहीकतै कमी कमजोरी नहोस भन्नको लागि योजनाको छनौट कार्य देखि सम्पन्न पश्चात सम्ममा पनि प्रत्यक्ष तथा अपत्यक्ष निखरानी राख्ने,अनुगमन तथा मुल्याङ्कन गर्ने, सार्वजनिक सुनुवाइ,सार्वजनिक अडिट, होर्डिङ वोर्ड जस्ता कार्यलाई सक्रिय बनाउने नीति अवलम्वन गरेको छु ।

२२. आवश्यकता अनुसार भौतिक पुर्वाधार योजनाहरुमा स्तर उन्नतिको कार्यलाइ यस अदानचुली गाउपालिकाले विभिन्न निकाय समन्वय गरी त्यसबाट तथा आफ्नो आन्तरिक श्रोतबाट हुने गरि कार्य थालनी गर्ने कार्यको व्यवस्था गरेको छु ।

२३. यस अदानचुली गाउपालीका भित्र रहेको विभिन्न शाखा ग्रामिण सडकहरुको स्तरोन्नती गर्ने कार्यक्रम तय गरिनेछ र गाउँपालिकाका विभिन्न प्रशासनिक कार्यहरुको पँहुज पुर्याउन् तथा वडा नं ६ लमही पाल्सका वासिन्दाहरुको दैनिक जीवनलाई सहज तुल्याउन कालागाड देखि लमही वडा कार्यालय हुंदै लिस्या पाल्स जोड्ने कच्ची ग्रामीण सडक निर्माण कार्य भैरहेको र अझै थप प्राथामिकता दिएको छु ।

२४. वडा कार्यालय तथा वडाका वस्तिहरु जोड्ने सहायक ग्रामीण सडकलाई पनि यस आ. व. २०८१।०८२ मा थप स्तरउन्नति गर्ने कार्यलाई बजेटमा समावेश गरेको छु ।

२५. जलविद्युतको क्षेत्रमा यस अदानचुली गाउँपालिकामा रहेका वाढि पहिरोवाट क्षति ग्रस्त दुइ वटा साना जलविद्युत आयोजनालाई मर्मत सम्भार र दिगो भर पर्दो वनाउन सम्वन्धित यस आयोजनाका उपभोक्ता समिति तथा संचालनक समितिसँग समन्वय गरी स्थायित्व कायम गरीने तर्फ जोड दिने छु।

२६. अदानचुली गाउँपालिकामा विभिन्न कार्यक्रम संचालन गर्न पालिका स्तरिय रंगशालाको आवश्यक भएकाले यस विषयलाइ मध्य नजर गरी पालिका स्तरिय रंगशाला निर्माणको कार्यलाई थालनी गर्ने कार्यलाइ प्राथमिकतामा राखेको छु ।

आ) आर्थिक विकास तर्फ

## पशुस्वास्थ्य सेवा तर्फ

**कः** पशु परिजिवि नियन्त्रण सम्वन्धी शिविर तथा पशु वन्ध्याकरण शिविर सँचालन गरिने छ।

**खः** कृषक तथा प्राविधिकहरुको लागि क्षमता विकास तालिम सँचालनमा ल्याइनेछ।

**गः** पशु चौपायालाई् औषधि उपचार तथा खोप सेवा सँचालन गर्न ट्ºभिज तथा डिपिङ ट्याक निर्माण गरिनेछ।

**घः** पशुपंक्षि पालन कृषकहरुलाई क्षमता अभिवृद्धिको लागि तालिम सँचालन गरिनेछ।

## क) कृषि विकास तर्फ

२७. कृषकलाई कृषि तथा पशुपालन सम्बन्धि आवश्यक तालिम तथा सीप प्रदान गरिनेछ।

२८. प्रत्येक वडामा कृषि प्राविधिकको उपलब्धता हुने गरि एक वडा एक प्राविधकको व्यवसथालाई निरन्तरता दिइनेछ।

२९. कृषिको सम्भाव्यताका आधारमा एक वडा एक उत्पादन पहिचान कार्यक्रम संचालन गरिनेछ।

३०. सहकारी, साना किसान र कृषक समूह सँगको साझेदारिमा उत्पादित कृषि उत्पादनको वजारिकरण गर्न आवश्यक पहल गरिनेछ।

३१. गाउँपालिका भित्रका सबै बाझों जमिनलाई खेर जान नदिई कृषि योग्य भुमिको उपयोग गरि कृषि उत्पादन गर्ने नीति ल्याईनेछ साथै कृषकहरुलाई आवश्यक सामग्री उपलब्ध गराइनेछ।

३२. कृषि उपजमा किटनाशक विषादी तथा रासायनिक मलको प्रयोगलाई निरुत्साहित गर्दै जैविक विषादी र प्राङ्गारिक मलको प्रयोग गरि अर्गानिक उत्पादनमा जोड दिईनेछ।

३३. स्याउ तथा ओखर क्षेत्र विस्तार कार्यक्रम संचालन गरिनेछ।

३४. स्थानीय प्रजातिका धान, कोदो, मकै, गहुँ, चिनो, कागुनो, फापर, लट्टे लगायतका अन्नहरुको संरक्षण तथा प्रवर्द्धन गरिनेछ। त्यस्ता वालिहरुको वजारिकरणको समेत व्यवस्था मिलाईनेछ।

३५. माटोको उत्पादकत्व गुणस्तर र व्यवस्था पत्ता लगाउन माटो परिक्षण शिविर संचालन गरिनेछ।

३६. कृषकलाई विशेष व्यवस्थाको लागि किसान सूचिकरण कार्यक्रम अगाडि बढाई परिचय पत्र वितरण गरिनेछ।

३७. अदानचुली गाउँपालिका भित्रको कृषि तथ्याङ्कलाई एकिकृत गर्न यसै आर्थिक बर्षमा कृषि तथ्याङ्कको गणना गरिनेछ।

३८. खाद्य पोषण सुधार गर्न एक घर एक करेसाबारी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३९. कृषिको उत्पादन तथा उत्पादकत्व बढाउनको लागि साना सिचाई प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ।

४०. कृषि प्रदर्शिनि कार्यक्रम संचालन गरि उत्पादनलाई बढवा दिइनेछ।

४१. कृषकहरुको ज्ञान, सीप र धारणमा परिवर्तन ल्याई क्षमता अभिवृद्धिको लागि विभिन्न विषय वस्तुहरुमा तालिम संचालन गरि दक्ष बनाउने नीति ल्याईनेछ।

४२. गोठेमलमा सुधार ल्याउनका लागि भकारो सुधार कार्यक्रम संचालन गरिनेछ।

४३. कृषक समूह/ कृषि सहकारीको हकमा ७५% अनुदान र व्यक्तिगत तथा निजी फर्मको हकमा ५०% अनुदानमा साना कृषि औजार उपकरणहरु खरिद तथा वितरण कार्यक्रम संचालन गरि राजश्व संकलनमा वृद्वी ल्याईनेछ।

४४. कृषक प्रोत्साहन कार्यक्रमको कार्यविधि बनाई उत्पादन तथा क्षेत्रफलको आधारमा कृषकहरुलाई उत्पादन बढाउनमा प्रोत्साहन गरिनेछ।

४५. कृषकहरुलाई प्रतिष्प्रधात्मक बनाई उत्पादन तथा उत्पादकत्वमा वृद्वी गराउने लक्ष्य राखि उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम लागु गरिनेछ।

४६. समूह गठन भई हाल निष्क्रिय अवस्थामा रहेका समूहहरुलाई पुनर्जागरण गराउने तथा नयाँ समूह गठन गरि कृषि प्रसारमा टेवा

पुर्याउनको लागि कृषकहरुलाई कृषक समूह गठन तथा व्यवस्थापन सम्बन्धी स्थलगत तालिम संचालन गरिनेछ।

४७. कृषि जन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्तरणका लागि आवश्यक पहल गरि नियन्त्रण गरिनेछ।

४८. कृषक समूह/ कृषि सहकारीको हकमा ७५% र व्यक्तिगत तथा निजी फर्मको हकमा ५०% अनुदानमा बिउ बिजन तथा कृषि सामग्री खरिद गरि वितरण गरिनेछ।

४९. कृषि विकास सम्बन्धि कार्यक्रम हरु संघिय सरकार प्रदेश सरकार र गाउँपालिकाको समन्वय सहकार्य र साझेदारिमा कार्यन्वयन गरिनेछ।

**महिला ,बालबालिका, समाजकल्याण तथा सहकारी**

५०. बालबालिकाहरुको सर्वाङ्गिण विकासका लागि प्रतियोगितात्मक,मनोरञ्जनात्मक कार्यक्रमहरु संचालन गरिने छ ।

५१. लैङ्गिक हिंसा मुक्त गाउँपालिका निर्माणका लागि विभिन्न कार्यक्रमहरु लागु गरिने छन।

५२. छाउपडी, छुवाछुत प्रथा उन्मुलनका लागि थप जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ ।

५३. बालविवाह, बहुविवाह रोकथामकालागि विभिन्न अभियान संचालन गरिनुका साथै जोखिममा रहेका बालवालिकाको संरक्षण प्रणालीको विकास गरिने छ ।

५४. समाजका अग्रज ज्येष्ठ नागरिकहरुका लागि सम्मानका कार्यक्रमहरु ल्याइनेछन ।

५५. महिला, बालवालिका, दलित, अल्पसंख्यक, फरक क्षमता भएका व्यक्तिहरु लगायतका लक्षित वर्गको क्षमता बिकासका लागि सिपमुलक, आयमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५६. पालिकाभित्र दर्ता भैसकेका सहकारीहरुलाई थप क्षमता विकास, पुँजी परिचालन सम्वन्धि तालिमहरु सञ्चालन गरि सकृय र आत्मनिर्भर स्वाव लम्बन र सामुहिकताको बाटोतर्फ अगाडी डोर्याइने छ ।

५७. नयाँ दर्ता हुने तथा सष्कृय सहकारी संस्थाहरुलाई आवश्यक पुर्वाधारसहित परिचालन गरि पुँजि विकास तथा लगानीका लागि प्ररित गर्दै लगिने छ ।

५८. छोरी बैंक खाता संचालन भएका छ यस कार्यक्रमलाई निरन्तरता दिईने छ ।



CamScanner

५९. महिला,वालवालिका तथा लक्षित समुहलाई प्रोत्साह गर्नको लागि महिला हिंसा विरुद्ध हुने १६ दिने अभियान, नारी दिवस लगायतका कार्यक्रमको लागि बजेटको व्यवस्था गरिने छ।

६०. प्रत्येक वडामा बाल समूह गठन गरिने छ।

इ) सामाजिक विकास तर्फ

**शिक्षा तथा खेलकुद**

६१. बालविकास केन्द्रहरुको कार्यसम्पादनमा दक्षता अभिवृद्धि गर्न **नियमित अनुगमन निरिक्षण** गरी आवश्यक सुधार गर्नका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

६२. **निःशुल्क सहज र सर्वसुलभ शिक्षा** प्रदान गर्नका लागी स्थानीय करार शिक्षकको व्यवस्था गर्न कार्यविधि तयार गरी गाउपालिका करार शिक्षक व्यवस्था गरिने छ।

६३. **प्रविधिमैत्री शिक्षण सिकाइका लागी कम्प्युटर विषयको** शिक्षकको लागी र विद्यालयको **IEMIS focal person** लाई **ICT** तालिमको व्यवस्था गरीनेछ ।

६४. **सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण** गरी विद्यालयलाई पूर्वाधार सम्पन्न बनाउदै लगिनेछ ।

६५. **यस गाउँपालिकामा रहेको गल्वा वहुमुखी क्याम्पसलाई स्तर उन्नति गरिने छ ।**

६६. सामुदायिक तथा संस्थागत विद्यालयको समग्र पक्षको सुक्ष्म अध्ययन गर्न सघन **विद्यालय अनुगमन कार्यक्रमलाई** निरन्तरता दिइने छ ।

६७. पालिकाले संचालन गर्दै आएको उपलब्धि परीक्षा, वार्षिक परीक्षा र कक्षा ८ को परीक्षालाई थप व्यवस्थित गरिनेछ ।

६८. विद्यालयको **शैक्षिक गुणस्तर अभिवृद्धि** गर्न स्थानीय स्तरमा उपलब्ध सामाग्रीको प्रयोगलाइ जोड दिन लगाईनेछ ।

६९. विद्यार्थी संख्याको आधारमा **एक विद्यालय एक पुस्तकालय कार्यक्रमलाई** लागु गरिने छ ।

७०. विद्यालय बाहिर रहेका व्यक्तिहरुको लगत संकलन गरि अनिवार्य रुपमा विद्यालय भर्ना गरीने र कम्तिमा आधारभूत तहको देखि माध्यमिक तहसम्म निशुल्क शिक्षाको व्यवस्था निरन्तरता कायम गरिने छ।

७१. कक्षा ६-१० सम्मको प्रश्न निर्माण गाउँपालिका भरी एकरुपता गरिनेछ।

७२. शिक्षक तालिमको व्यवस्था विषयगत रुपमा गरिने छ।

७३. बिग विद्यालय, स्मार्ट विद्यालय, नमुना विद्यालय तथा हिमाली आवासीय विद्यालयको प्रोत्साहन सहितको अवधारणा ल्याइनेछ।

७४. विद्यार्थीमा सिकाई क्रियाकलापमा उत्प्रेरित गर्न जेहेन्दार विद्यार्थी पुरस्कार कार्यक्रम लागु गरिनेछ ।

७५. कक्षा ६ देखी १२ सम्म अध्ययन गर्ने सामुदायिक विद्यालयका सबै छात्राहरुलाई **Sanitary Pad**/स्यानिटेरी प्याड को व्यवस्थालाई निरन्तरता दिइने छ ।

७६. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न शैक्षिक कार्यक्रम निर्माण गर्न सिकाइ उपलब्धि वृद्धि गर्न, स्थानीय सरकार, शिक्षक कर्मचारी, वि. व्य. स. अभिभावक बिच समय-समयमा छलफल तथा गोष्ठी संचालन गर्ने ।

७७. गाउँपालिका भित्रका विद्यालयको कार्यक्रम एकरुपताको लागी शैक्षिक पात्रोको व्यवस्था गरी सोही अनुरुप कार्यक्रम संचालन गर्न लगाइनेछ ।

७८. अदानचुली गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा खेलकुद कार्यक्रम संचालन गरी गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ्ग कार्यक्रमको आयोजना गरीनेछ ।

७९. अदानचुली गाउँपालिका भित्रका समग्र शैक्षिक क्षेत्रको विवरणहरु अध्यावधिक गरी प्रकाशन गरिनेछ ।

## स्वास्थ्य

८०. सबै नागरिकलाई सहज तथा सुलभ आधारभुत स्वास्थ्य सेवाको पहुँच पुगाउने उद्देश्यले सबै वडाहरुमा आधारभुत सेवा सहितको आधारभुत स्वास्थ्य केन्द्र तथा सामुदायिक स्वास्थ्य ईकाईहरुमा आवश्यकता अनुसार स्वास्थ्य कर्मीको व्यवस्था गरी सोही स्थानबाट सेवा प्रवाह गरिने त्यसको लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।

८१. स्थानीय स्तरमा स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको लागि **Online Data Entry** गरिएको र थप आवश्यक प्रबन्ध मिलाइनेछ ।

८२. महिला प्रजनन स्वास्थ्यसंग सम्बन्धित हरेक पक्षको उत्थान,समस्या समाधान,सेवा विस्तार,गुणस्तरियता अनुगमन जस्ता अभियान संचालन गर्न आवश्यक बजेट व्यवस्था गरिने छ ।

८३. नेपालको सबिधान २०७२ को घारा ३८ मा उल्लेख भए अनुसार सबै आम नागरिकलाई स्वास्थ्य संस्थाबाट प्रवाह गरिने सम्पुर्ण आधारभुत स्वास्थ्य सेवा तथा आकस्मिक सेवालाई गुणस्तरीय ,प्रभावकारी तथा ब्यवस्थित गर्न आवश्यकता अनुसार समय सापेक्ष स्वास्थ्य कर्मी तथा महिला स्वास्थ्य स्यमंसेविकाहरुको कार्यक्षमता अभिबृद्धि गर्न आवश्यक जनस्वास्थ्य क्रियाकलाप तथा तालिमको संचालन गरिने छ।

८४. सरकार प्रमुखसंग अभिभावक कार्यक्रम अन्तरगत जेष्ठ नागरिकसंग सम्बन्धित समस्याहरुको पहिचान,उपचार तथा सम्मान कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

८५. स्वास्थ्य व्यवस्थापन समितिको पदाधिकारीहरुको क्षमता अभिवृद्धि तालिम संचालन गरिने छ।

८६. शुन्य होम डेलिभरी पालिका घोषणाका लागि आवश्यक क्रियाकलापहरु निरन्तररुपमा संचालन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

८७. महामारी नियन्त्रण तथा बिपद ब्यबस्थापनको लागि आवश्यक ब्यबस्था मिलाईने छ। साथै सबै टोल,वडा कार्यालय,विधालयहरुमा स्ट्रेचर खरिद गरी ब्यबस्था मिलाईने छ।

८८. महामारी नियन्त्रण तथा बिपद ब्यबस्थापनको लागि आवश्यक ब्यबस्था मिलाईने छ। साथै सबै टोल,वडा कार्यालय,विधालयहरुमा स्ट्रेचर खरिद गरी ब्यबस्था मिलाईने छ।

८९. "म स्वस्थ मेरो पालिका स्वस्थ" अभियान अन्तरगत सबै अदानचुली गाउपालिकाका आम नागरिकलाई स्वस्थ राख्न अभियान संचालन गरिने छ र त्यसको लागि आवश्यक पहल गरिने छ।

९०. आगामी ५ बर्ष भित्र पालिकालाई पुर्ण सरसफाई युक्त पालिका घोषणा गर्न वार्ड तहवाट घोषणा गर्न पहल गरिने छ।

९१. पालिकाका सम्पुर्ण स्वास्थ्य संस्थामा किशोर किशोरी मैत्री कार्याक्रम लागु गरिनेछ।

९२. बिधालयहरुमा समेत स्वास्थ्य परिक्षण अभियान कार्यक्रम गर्न आवश्यक पहल गरिनेछ। महिला संयम सेविकाको जरा आमा समुह रहेकोले सोको गठन गरि सुदृढिकरण सहित सशक्त रुपमा आवश्यक क्रियाकलाप संचालन गरी क्षमता अभिबृद्धी गर्न पहल गरिनेछ।

९३. दुर्गम स्थानमा बसोवास गरिने आम नागरिकका लागि समय सापेक्ष आवश्यकता अनुसार एकीकृत घुम्ति स्वास्थ्य शिविर संचालन गरिने छ।

९४. पुर्ण खोप पाउनु सबै बालबालिकाको नैसर्गगिक अघिकारलाई स्थापित गर्न पालिका स्तरीय तथा वार्ड स्तरिय पुर्ण खोप सूनिश्चितता तथा दिगोपना कार्यक्रम संचालन गरिनेछ।

९५. स्थापना भएका पोषण कर्नरहरुलाई व्यवस्थित गर्ने तथा स्वस्थ्य स्वस्थ्य संस्थामा पोषण बगैंचा स्थापना गरिन आवश्यक पहल गरिने छ।

९६. विपद व्यवस्थापन कोष स्थापना गरी विपद व्यवस्थापन सम्वन्धित स्थानीय समितिलाई सक्रिय वनाइने छ ।

९७. व्यवस्थित प्रयोगशाला निर्माणको लागि आवश्यक पलह गरिने छ ।

९८. स्वास्थ्य बिमा सम्बन्धि वडा स्तरिय प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ।

९९. सवै स्वास्थ्य संस्थाहरुमा खानेपानि तथा सौचालयको व्यावस्थापन गरिने छ ।

१००. वर्थिङ सेन्टर सम्म जाने वाटोको निर्माण गरिने छ ।

१०१. जटिलयुत्त रोग निदानका लागि औषधि सहितको विशेषज्ञ शिविर सँचालन गरिने छ।

१०२. लौठि र श्रीनगर स्वास्थ्य चौकिबाट **EHMIS System** सुरुवात गरिने छ ।

१०३. मेडिक मोवाइल कार्यक्रमको सुरुवात गरिने छ ।

१०४. एम्वुलेन्स सँचालन कार्यविधि लागु गर्नाका लागि एम्वुलेन्स कोषको निर्माण गरिने छ ।

१०५. प्रजनन स्वास्थ्य रुग्णता तथा व्यावस्थित मैनावारी सम्वन्धि सरोकार वाला महिला अगुवा स्थानिय सरकार प्रमुख उपप्रमुख स्वास्थ्यकर्मी पत्राकार र धार्मिक अगुवाहरुसँग अन्तरक्रिया कार्यक्रमको सुरुवात गरिने छ।

## *बहुक्षेक्षत्रीय पोषण कार्यक्रमतर्फ*

१०६. नेपालका महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहु क्षेत्रीयपोषण योजना कार्यान्वयनलाई उच्चप्राथमिकतामा राखिनेछ ।

१०७. बहु क्षेत्रीयपोषण योजनाले निर्दिष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तीको लागि बिषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र संवेदनशिल क्रियाकलापहरु सञ्चालन गरिनेछ र महिला बालबालिकालक्षित कार्यक्रम जस्तैः बालपोषण अनुदान, खोप कार्यक्रम,बाल मैत्री स्थानीयशासनआदि समेतमा बहु क्षेत्रीयपोषण योजनालाई समावेश गर्दै लगिने छ ।

१०८. यस अदानचुली गाउँ पालिकामा महिला,किशोरी र वालवालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्यालने उद्देश्यका साथ वहुक्षेत्रिय पोषण योजनालाई प्राथमिकताका साथा कार्यन्वयन गर्नको लागि आवश्यक व्यवस्था गरिएको छ ।

१०९. वहुक्षेत्रीयपोषण योजना अन्तरगत पोषणमैत्री स्थानीय शासन अवलम्वन गर्न पोषण मैत्री वडा घोषणा अभियानलाई प्राथमिकतामा राखि वडाहरुबाट पोषण मैत्रि घोषणा कार्यक्रम थालनी व्यवस्था गरेको छु ।

ई) संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन तर्फ

११०. सेवा प्रवाहलाई सवै वडामा सूचना तथा प्रविधिमा आवद्ध गरी छिटो छरितो र प्रभावकारीरुपमा सेवा प्रवाह गरिनेछ।

१११. लेखा प्रणालीलाई चुस्तदुरुस्त बनाउन सुत्र सफ्टवेयर प्रयोग गरि लेखा व्यवस्थापन **PAMS** को प्रयोय गरी जिन्सी व्यवस्थापन गरिएको छ । त्यसैगरि योजना, दर्ता चलानी तथा प्राविधिक फाँटमा समेत सफ्टवेयरमार्फत कार्यक्रम सञ्चालन गरिने गरी यस आ.व.मा व्यवस्था गरेको छु ।

११२. पदाधिकारी एवं कर्मचारीहरुको क्षमता विकासमा जोड दिइनेछ।सोकालागि आवश्यक वजेटको व्यवस्था गरिएको छ।

११३. सेवाप्रवाहमा सहजता ल्याउन गाउँकार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुलाई फर्निचर,कम्प्युटर तथा मेसिन औजारको प्रवन्धगरी जुनसुकै अवस्थामा पनि सेवाप्रवाह गर्न सकिने अवस्था कायम गरिनेछ।

११४. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासन प्रति प्रतिबद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त र उत्तरदायी एवं जफावदेही बनाइनेछ र भ्रष्टाचारप्रति शुन्य सहनशीलताको नीति अबलम्बन गरिनेछ।

११५. गाउँपालिकाको समृद्धिकालागि विज्ञान र प्रविधिको क्षेत्रबाट प्राप्त हुनसक्ने लाभ अवसर र सम्भावनालाई खोजी गरी यस क्षेत्रमा सङ्ख्यात्मक र गुणात्मक वृद्धि गरिनेछ।

११६. दीगो र भरपर्दो आयका स्रोतहरु मार्फत राजश्व संकलन र त्यसको समुचित परिचालन विना स्थानीय स्वायत्तताको प्रवर्धन सम्भव छैन। राजश्वका क्षेत्र पहिचान गरी दायरा विस्तार गर्ने प्रयास गरिएको छ।साथै साविकका स्थानीय निकायले लगाउँदै आएको सेवाशुल्क र दस्तुरको दरमा सामान्य परिमार्जन गरिएको छ।

११७. प्राकृतिक स्रोतको उपयोग र निकासीमा बढ्दो चुहावट नियन्त्ररण गर्न जिल्ला समन्वय समितिसँग समन्वय गरिनेछ।स्थानीय समुदाय एव स्थानीय प्रशासन सुरक्षानिकायसँगको सहकार्यमा अनुगमनलाई तिव्रतादिने तथा चुहावट नियन्त्रणमा सहयोग गर्नेलाई पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिइनेछ।



CamScanner

११८. आत्मनिर्भर गाउँपालिकाको सोचअनुरुप वढी भन्दा वढी आन्तरिक राजश्व परिचालन गर्न स्वघोषणामा आधारित कर निर्धारण पद्दति आवलम्वन गरिनेछ। नागरिक स्वयंमलाई कर दायित्वको जिम्मेवारी बोध गराउन जोड दिइनेछ।

११९. गाउँपालिकाबाट संचालन हुने सेवा एक द्धारा प्राणालीबाट सञ्चालन गर्नको लागि यसै आ.व.बाट गाउपालिकाको चमेना गृह संचालनमा ल्याइने छ ।

१२०. स्थानीय दर रेट तथा जग्गाको मुल्य निर्धारण गरी अनुमोदनको लागि जिल्लामा पठाइने व्यवस्था गरेका छौं ।

१२१. स्थानीय वजार अनुगमन तथा सुपरिवेक्षण गरि उपभोक्ता हित संरक्षणको लागि गरिएका कार्यका निरन्तरता कायम गरेको छु ।

१२२. कर्मचारीहरुलाई सेवा कालिन तथा अन्य क्षमता विकासको लागि आवश्यक तालिमको व्यवस्था गरिने छ ।

१२३. सेवा प्रवाहलाई व्यवस्थित गर्न सम्पुर्ण सेवाहरु **Online** मा आधारित वनाउने व्यावस्था गरिने छ।

१२४. असारे सेवा प्रवाहलाई कम गर्न नियमित एवं संघ,प्रदेश तथा स्थानीय निकायको वजेट कार्यक्रम अनुसार कार्य प्रणाली सुचारु गरिने छ ।

१२५. योजना शाखाबाट संचालन गरिने कार्यहरुलाई छिटो छरितो पारदर्शि जवाफदेही वनाउनको लागि सफ्टवेयर प्रणालीमा काम संचालन गरिने छ ।

१२६. उपभोक्ता समितिको गठन सगठन सलग्न कागजात र योजना सम्झौताको प्रक्रिया सम्बन्धी प्रशिक्षण कार्यक्रम सँचालन गरिने छ ।

१२७. आयोजना सम्झौता तथा भुक्तानि प्रक्रिया सम्बन्धि क्षमता विकास तालिम सँचालन गरिने छ

## उ) श्रम तथा रोजगार सेवा तर्फ

१२८. आन्तरिक रोजगारी प्रवर्धन, दक्ष तथा सीपयुक्त जनशक्ति उत्पादन, सुरक्षित, मर्यादित तथा नियमित वैदेशिक रोजगारीका अवसर जस्ता पक्षहरुको समुचित विकास गर्न यस अदानचुली गाउँपालिकाले पाँच वर्षे रोजगार रणनीति, २०८१/०८२-२०८५/०८६ बनाई लागु गरिनेछ। बेरोजगार र रोजगारका सम्भावनाको वास्तविकता पत्ता लगाउन रोजगार नक्शाङ्कन कार्य अघि बढाइनेछ ।

१२९. न्यूनतम रोजगारीको प्रत्याभूति हुने गरी प्रधानमन्त्री रोजगार कार्यक्रम अझ प्रभावकारी रुपमा भौतिक पुर्वाधारको विकास अघि बढाउन सामुदायिक आयोजनाहरुमा पालिकाको अनिवार्य लागत साझेदारी गरिनेछ। संघ तथा प्रदेश सरकारले ल्याएको कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ । स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिइनेछ।

१३०. स्थानीय स्तरमा रोजगारीको सृजना तथा प्रवर्धनको लागि सार्वजनिक निर्माण कार्यहरुमा प्राविधिक शाखाको प्रतिवेदन अनुसार श्रममूलक प्रविधिको प्रयोग गर्ने नीति लिइनेछ। एक करोड भन्दा कम बजेटका योजनामा ह्यावी इक्युपमेण्टको प्रयोगमा पूर्णरुपमा रोक लगाई बेरोजगार सूचिमा सुचिकृत श्रमिकलाई काममा लगाइने व्यवस्था गरिनेछ ।

१३१. आफ्नो माटो चिनौं, आफ्नै गाउँ बनाऔं स्वावलम्बन अभियान सञ्चालन गरी युवाहरुलाई रोजगारीका अवरस पहिचानमा सहजीकरण गरिनेछ। यसका लागि युवा लक्षित नविनतम व्यवसायलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइनेछन, जसमा नविनतम व्यवसाय गर्ने युवाहरुलाई कार्यविधि बनाई प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने कार्यक्रमहरु ल्याइनेछ। युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी रोजगारमूलक कार्यमा संलग्न स्थानीय युवा उद्धमीहरुलाई प्रोत्साहित गरिनेछ ।

१३२. अदानचुली गाउँपालिकामा एउटा सीप विकास तालिम केन्द्र स्थापना गरी एकिकृत तथा एकद्वार प्रणाली बाट तालिम प्रदान गर्ने पद्धतिको विकास गरी दक्ष तथा सक्षम जनशक्ति विकासका लागि सीप मुलक तालिम को व्यवस्था गरिनेछ।

१३३. श्रम स्वीकृती तथा पुनः श्रम स्वीकृतीका आवेदनलाई सरल, सुलभ तथा व्यवस्थित सहजिकरण सेवा प्रदान गर्न रोजगार सेवा केन्द्रलाई सुध्रिढिकरण गरिनुका साथै वैदेशिक रोजगारी का अवसरहरु प्राप्त गर्न सहजिकरण गर्ने व्यवस्था मिलाइनेछ।

१३४. प्रत्येक बेरोजगार परिवारलाई समान श्रमको अवसर प्रदान गर्ने उद्देश्य सहित यस पालिका मा सञ्चालन हुने संघ, प्रदेश तथा स्थानीय तहमा प्राप्त हुने विकास निर्माण वा अन्य ठेक्का का प्रत्येक आयोजनामा चाहिने श्रमिकहरु रोजगार सेवा केन्द्र, अदानचुलीमा सूचिकृत

बेरोजगार सूचीबाट मात्र लगाउने व्यवस्था गरिनेछ। यसरी छनौट गरिएका श्रमिकहरुको श्रमको भुक्तानी सिधै बैंक मार्फत गरिनेछ।

१३५. आफ्नो गाउँ, सुन्दर बनाऊ भन्ने नारालाई आत्मसाथ गर्न श्रमदान को भावनालाई बलियो रुपमा अघि बढाइनेछ। प्रत्येक महिनाको अन्तिम शनिवार जनसमुदाय लाई आत्मसाथ गर्दै कर्मचारी तथा जनप्रतिनिधि समेत को संलग्नतालाई जनश्रमदान मा बढवा दिइनेछ।

१३६. श्रमिकहरुलाई आयोजनामा काम गर्न आवश्यक पर्ने सुरक्षा सामाग्री तथा औजारहरुको व्यवस्था गरिनेछ। प्रत्येक वडा कार्यालयमा सो सुरक्षा सामाग्री तथा औजारहरुको रेखदेख गर्ने जिम्मा दिईनेछ। आयोजनामा अपयोग गर्दा माग फाराम भरी वडाको आन्तरिक राजश्व को रुपमा न्यूनतम भाँडा दर तय गरि उपयोग गरिनेछ।

१३७. यसरी रोजगार सेवा केन्द्र मा दर्ता गरिएका बेरोजगारहरुलाई सार्वजनिक विकास निर्माणका आयोजनामा काम लगाउनु पुर्व श्रमिकहरुको सामुहिक बिमा का लागि कोष छुट्याइनेछ।

१३८. श्रम सम्बन्धलाई प्राथमिकता दिदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, व्यवसायिक वित्तीय क्षेत्रमा रोजगारी सिर्जना गरिनेछ ।

१३९. रोजगार सेवा केन्द्रको सञ्चालन व्यवस्थापनमा थप प्रभावकारी वनाउनका लागि उचित बजेटको व्यवस्था गरिनेछ ।

१४०. भारत तथा वैदेशिक रोजगारीबाट फर्किएका, रोजगारी गुमाएका युवाहरुलाई उद्धमसिलता विकास गराउन बिउँ पुंजी उपलव्ध गराउने गरी आवश्यक व्यवस्था गरिनेछ ।

१४१. कामको सम्मान, स्वरोजगार उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापन यस गाउँपालिकाको नीति हुनेछ ।

### ऊ) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरण तर्फः

१४२. प्रविधिमैत्री सेवा इकाइको स्थापना गरी सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता कार्यलाई प्रभावकारी ढङ्गले संचालन गरिनेछ ।

१४३. सामाजिक सुरक्षा कार्यक्रमलाइ चुस्तदुरुस्त र प्रभावकारी बनाउन सूचनाप्रविधिको उपयोग गरिनेछ। सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको विवरण सफ्टवेयरमा प्रविष्टि का लागि पहल गरिने छ।

१४४. पञ्जीकरणलाई व्यवस्थित गर्न अनलाइनमा आधारित घटना दर्ता प्रणाली लाई निरन्तरता र थप सुधार गरिनेछ।

१४५. पुराना व्यक्तिगत घटना दर्ता किताबलाई व्यवस्थित गर्न पुराना ढड्डाहरुलाई डिजिटाइज गरिनेछ ।

१४६. घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ। प्रत्यक वडामा घटना दर्ता तथा सामजिक सुरक्षा दर्ता शिविर संचालन गरिनेछ ।

१४७. सामाजिक सुरक्षा तथा घटना दर्ता लाई व्यवस्थित गर्न समय-समयमा मुल्यांकन, अनुगमन तथा घटना दर्ता सप्ताह मनाइने ।

१४८. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली सञ्चालानार्थ वडा कार्यालयका लागी छुट्टै डेक्सटपको व्यवस्था गरिनेछ ।

ऋ) वित्तिय शुशासन तर्फः

१४९. गाउँपालिकाको भिडियो पार्स्वचित्र आवधिक योजना र गुरु योजना जस्ता कार्यहरु सञ्चालन गरिनेछ।

१५०. गाउँपालिकामा सञ्चालन गरिने सबै सेवाहरु पारदर्शी, जवाफदेही बनाउनका लागि सम्बन्धित पक्षलाई सक्रिय बनाइनेछ।

१५१. गाउँपालिकामा रहेका आर्थिक प्रशासन, आन्तरिक लेखा परिक्षण, भण्डारण शाखा र कार्यालय प्रमुखहरुको कामहरु अन्तर सम्बन्धित रही अघि बढिनेछ।

१५२. सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन-२०६४ नियमावली -२०६५ मा भएका व्यवस्था अनुसार कार्यालय सञ्चालन तथा कार्यसम्पादन सम्झौता गरी अघि बढाइनेछ।

CamScanner

## खण्ड ङ) तर्जुमा का आधारहरु

सभाध्यक्ष महोदय, अब म अदानचुली गाउँपालिकाले आ.व.२०८१/०८२ को बजेट तर्जुमा गर्दा लिइएका मुख्य आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- ✓ नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची। s
- ✓ नेपालको संविधानमा उल्लेखित मौलिक हकहरु।
- ✓ नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणाली।
- ✓ नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन।
- ✓ संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु।
- ✓ संघीय सरकारले आवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरु।
- ✓ स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु।
- ✓ नेपालले अन्तराष्ट्रिय जगतमा जनाइएका प्रतिवद्धताहरु।
- ✓ स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- ✓ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- ✓ संघ प्रदेश स्थानीय तह(समन्वय तथा अन्तर सम्वन्ध) ऐन, २०७७
- ✓ संघिय अर्थमन्त्रालयको आ.व.२०८१।०८२ वजेट वक्तव्यले गरेका व्यवस्थाहरु।
- ✓ स्थानीय शासन ऐन नियमावलीका प्रावधानहरु।
- ✓ विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दीगो विकास, जलवायु परिवर्तनर विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास वालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पूर्ण सरसफाइ, उर्जा संकट लगायतका अन्तरसम्बन्धित विषयहरु।

### अ) योजना/आयोजना छनौंट गर्दा प्राथमिकताका आधारहरु

- यस गाउँपालिकाको सहज जनजीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पूर्वाधारहरु ।
- उत्पादनमूलक र शिघ्र प्रतिफल दिने ।
- आर्थिक विकास र गरिवी न्यूनीकरण एंव रोजगारीमा योगदान पुर्याउने ।
- छिटोछरितो र प्रभावकारी रुपमा सेवा प्रभाव हुने ।
- पारदर्शीता र सुशासन अभिवृद्धि हुने ।
- स्थानीय स्रोतसाधनलाई प्राथमिकता दिने र जनसहभागिता अभिवृद्धि हुने ।
- प्राकृतिक प्रकोप एवम् विपद् व्यवस्थापनमा सहयोग पुग्ने ।
- परम्परागत धर्म, संस्कृति, चाडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्धन हुने ।
- वातावरण संरक्षण र दीगो विकासमा टेवा पुर्याउने ।
- गाउँपालिकाको राजश्व संकलनमा अभिवृद्धि हुने ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अभिवृद्धि हुने ।

आ) सुचना तथा संचार प्रविधि तर्फ

- पालिकाको स्माट पालिका अन्तर्गत डिजिटल प्रोफाइल तयार गरि सेवा प्रवाहं लाई एकिकृत प्रणाली सँग आवद्ध गरि यस गाउँपालिकालाई डिजिटल अदानचुली गर्ने तर्फ अगाडी बढाइने छ ।
- पालिका र वडा कार्यालय बाट दिइने सेवालाई सहज सरल चुस्त दुरुस्त र प्रविधिमैत्रि बनाउन सुचना प्रविधि प्रणाली सेवामा जोड दिइने छ र आवश्यक पर्ने सफ्टवेयर लागु गरि सेवालाई सहज वनाइने छ ।
- कार्यपालिकाको वैठकलाई मार्यीधित तथा व्यवस्थित तुल्याउनको लागि एक टेवल एक रोष्टमको व्यवस्था गरिने छ ।
- न्यायिक समितिबाट सिफारिस भएका फरक क्षमताका व्यक्तिहरुको परिचय पत्रलाई **Digitalization** गरिने व्यवस्था गरिने छ ।
- सूचना प्रणालीलाई यस आ.व. बाट नै Digitalization गरि विद्युतिय सूचना पार्टी मार्फत जानकारी गराइने व्यवस्था गरिने छ ।



CamScanner

- स्थानिय तह संस्थागत मुल्याङ्कन कार्यविधि २०७७ स्थानिय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कन कार्यविधि २०७७ र स्थानिय आर्थिक विकास मुल्याङ्कन कार्यविधि २०७९ ले तय गरेका सुचकहरुमा देखिएका राम्रा अभ्यासलाई निरन्तरता दिदै सुधार गर्नुपर्ने क्षेत्रहरु पहिचान गरि क्षमता विकास योजना तयार गरिने छ र त्यसको कार्यान्वयनमा तिव्रता ल्याइने छ । गाउँपालिकाबाट सँचालन गर्ने क्रियाकलापहरुमा नवपर्वतन लाई **(Innovation )**जोड दिइने छ ।
- हाल विश्व नै एक गाउ भएको सन्दर्भमा सूचना तथा संचार प्रविधिको भरपुर रुपमा प्रयोग हुने गरी विभिन्न तालिम एवं प्रविधि प्रयोगका कार्यक्रम तय गरिने छ।
- गाउँपालिकामा स्माट वोर्डको स्थापना गरिने छ ।
- यस गाउँपालिकामा **LED** वोर्डको व्यावस्था गरिने छ ।
- गाउँपालिकाको आफ्नै डिजिटल पात्रोको व्यवस्था गरिने छ।
- यस गाउँपालिकालाइ सूचना मैत्रि गाउँपालिका बनाउन विभिन्न किसिमका **IT** सँग सम्बन्धित क्षमता विकास तालिमहरु सँचालन गरिने छ ।

## खण्ड च) मुख्य कार्यक्रमहरु र विनियोजित बजेट

अध्यक्ष महोदय तथा गाउँसभाका सदस्य ज्यूहरु,s

आ व आगामी ०८१।०८२ मा सञ्चालन गरिने मुख्य कार्यक्रमहरु र विनियोजित बजेट विवरण प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१५३. आगामी आ. व. ०८१।०८२ को लागि अदानचुली गाउँपालिकाको लागि रु. ३३ करोड ४३ लाख २ हजार विनियोजन गरेको छु ।

१५४. कुल विनियोजन मध्ये चालू तर्फ रु १९ करोड ८ लाख २० हजार रुपैयाँ र पुंजीगत तर्फ ९ करोड ४७ लाख ४ हजार ३७६ रुपैयाँ विनियोजन गरेको छु ।

१५५. नेपाल सरकारबाट ससर्त अनुदानबाट प्राप्त रु ११ करोड २५ लाख ६० हजार रुपैयाँ चालू तर्फ राखिएको हुनाले चालू खर्चको अंश बढी देखिएको छ ।

१५६. गाउँपालिकाको लागी आ व २०८१।०८२ का लागी संघिय सरकार प्रदेश सरकारबाट र गाउँपालिकाको आन्तरिक अनुमानित आय अनुदान बजेट लाई तपशिल बमोजिम क्षेत्र गत रूपमा बाँडफाँड गरेको छु।

क) आर्थिक विकास तर्फ रु ४ करोड ४२ लाख ५० हजार

ख) सामाजिक विकास तर्फ रु ११ करोड ५० लाख,

ग) पूर्वाधार विकास तर्फ ७ करोड ५१ लाख ५९ हजार ७ सय

घ) वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु १८ लाख २२ हजार ३ सय

ङ) कार्यालय संचालन सुशासन तथा संस्थागत विकास तर्फ रु ९ करोड ८० लाख रकम विनियोजन गरेको छु ।

१५७. गाउँपालिकामा समायोजन हुन आउने विभिन्न विषयगत कार्यालयहरू तथा विकास साझेदारहरू बाट प्राप्त हुने बजेट प्राप्त कार्यक्रमकै आधारमा खर्च गर्ने व्यवस्था मिलाइनेछ।

१५८. आगामी आर्थिक वर्षको लागि आयतर्फ खर्च व्यहोर्ने स्रोत मध्ये

क) राजस्व तर्फ नेपाल सरकार बाट रु ६ करोड ९ लाख रुपैयाँ तथा प्रदेश सरकारबाट रु ५ लाख ९ हजार रुपैयाँ रहेको छ

ख) वित्तीय समानिकरण अनुदान अन्तर्गत नेपाल सरकार बाट रु. ६ करोड ८६ लाख, र प्रदेश सरकारबाट रु ६८ लाख ४२ हजार रुपैयाँ रहेको छ।

ग) ससर्त अनुदानबाट नेपाल सरकार बाट रु. १४ करोड ७ लाख १६ हजार प्राप्त भएको छ ।

घ) संघ सरकारबाट विशेष अनुदान वापत ५० लाख तथा समपुरक अनुदान तर्फ शुन्य रकम प्राप्त भएको छ भने प्रदेश सरकारबाट पनि विशेष ५० लाख अनुदान तथा समपुरक अनुदान १ करोड रकम प्राप्त भएको छ।

१५९. विविध समस्याहरूका माझमा हिंड्दै गर्दा अपेक्षित लक्ष्य हासिल गर्न केही समय लाग्न सक्छ तर लक्ष्य पुरा नै नहुने भन्ने होइन । थप समन्वय, सहकार्यका साथ हाम्रा विकास प्रयासहरूलाई अझ मजबुत बनाइँदै लगिने कुरामा तपाइहरूलाई विश्वास दिलाउन चाहन्छु।

१६०. नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण र राजश्व बाँडफाँडबाट प्राप्त कुल १३ करोड ६८ लाख ५१ हजार रकमलाई गाउँपालिका र वडा कार्यालय तथा विभिन्न विषयगत शाखाहरुको चालु तथा पुंजिगत खर्च शिर्षकहरुमा देहाय बमोजिम विनियोजन गरिएको छ ।

१६१. गाउँपालिकाको चालु खर्चतर्फ रु ९ करोड ४१ लाख ९१ हजार ३ सय र पूजीगत तर्फ ४ करोड २६ लाख ५९ हजार ७ सय मात्र विनियोजन गरेको छ ।

**आ व २०८१।०८२ मा तर्पाशिलमा उल्लेखित आयोजनाहरुको लागी बजेट सुनिश्चित्ता गरेको छु**

| | | |
|---|---|---|
| १ | दोमुख तटबन्धन समपूरक योजना म्याजिड | १,५२२६ ८ |
| २ | बुकाखोला देखि काठे खउला सडक | १ करोड |
| ३ | मेहलगइड देखि रिल्म सडक मर्मत | ३८ लाख ५९ हजार ७ सय |
| ४ | अदानचुली गापा भरि रोड मर्मत | ४८ लाख |
| ५ | अध्यक्ष पूजीगत कार्यक्रम | ४० लाख |
| ६ | उपाध्यक्ष पूजीगत कार्यक्रम | ३५ लाख |
| ७ | २ नं बाटो मर्मत तथा स्तरउन्नती | २० लाख |
| ८ | वडा कायोलयको पूजीगत | ६० लाख |
| ९ | सुर्योदय मावि विज्ञान शिक्षकको पारिश्रमिक | ५ लाख ६८ हजार |
| १० | गाउँपालिका टहरा निर्माण | २० लाख |

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३

CamScanner

अनुसुची-०१

## आ.व.२०८१/०८२ अदानचुली गा.पा. जम्मा आय अनुमानको विवरण

| क्र.स. | तह/प्रकार | समानीकरण अनुदान | सशर्त अनुदान रु. | बिशेष अनुदान | समपुरक अनुदान | राजश्व बाँडफाँट | आन्तरिक स्रोतबाट आय | अन्य स्रोत | पुर्जीगत | चालु बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | संघ | ६ करोड ८६ लाख | १४ करोड ७ लाख १६हजार | ५० लाख | ० | ६ करोड ९लाख | | | | |
| २. | प्रदेश | ६८ लाख ४२ हजार | ४ करोड ७ लाख ३५ हजार | ५० लाख | १ करोड | ५लाख ९ हजार | | | | |
| ३. | गा.पा. | ० | ० | ० | ० | १० लाख | | | | |
| | जम्मा | ७ करोड ५४ लाख ४२ हजार | १८ करोड १४ लाख ५१ हजार | १ करोड | १ करोड | ६करोड २४ लाख ९ हजार | | | | |

| | | |
|---|---|---|
| | कुल जम्मा | ३३ करोड ४३ लाख २ हजार रुपैयाँ मात्र । |



CamScanner

# आ.व २०८१।०८२ चालु प्रस्तावेत कार्यक्रम

| सं | कार्यक्रम आयोजनाको नाम | ठेगाना | परिमाण | वजेट |
|---|---|---|---|---|
| | सूचना प्रविधि अधिकृतको पारिश्रमिक | गाउपालिका | | २३५००० |
| | सूचना प्रविधि अधिकृतको स्थानीय भत्ता | गाउपालिका | | ७०५०० |
| | सूचना प्रविधि अधिकृत महंगी भत्ता | गाउपालिका | | १०००० |
| | सूचना प्रविधि अधिकृतको पोशाक भत्ता | गाउपालिका | | १५००० |
| | एम आइ एस अप्रेटर र दुइ जना फिल्ड सहायकको पारिश्रमिक | गाउपालिका | | ६०३५०० |
| | एम आइ एस अप्रेटर र दुइ जना फिल्ड सहायकको महंगी भत्ता | गाउपालिका | | ७२००० |
| | एम आइ एस अप्रेटर र दुइ जना फिल्ड सहायकको पोशाक भत्ता | गाउपालिका | | ३०००० |
| | पशु प्राविधिकको पारिश्रमिक | गाउपालिका | | २९०००० |
| | पारिश्रमिक कर्मचारी | | | १४०००००० |
| | कर्मचारी स्थानीय भत्ता | | | ३०४२००० |
| | कर्मचारी महंगी भत्ता | | | ६२८००० |
| | कर्मचारी पोशाक भत्ता | | | ४०५००० |
| | औषधी खर्च | | | ० |
| | कर्मचारी बैठक भत्ता | | | ८००००० |
| | अन्य भत्ता | | | १०८०२० |
| | पदाधिकारी बैठक भत्ता | | | १५००००० |
| | पदाधिकारी अन्य सुविधा | | | ५०००००० |
| | संचार महशुल | | | ३००००० |
| | इन्धन पदाधिकारी | | | ५००००० |
| | इन्धन कार्यालय प्रयोजन | | | १५००००० |
| | सवारी साधन मर्मत खर्च | | | २०००००० |
| | नेट इन्टर शुल्क | | | ३०००००० |
| | विमा तथा नविकरण खर्च | | | ५००००० |
| | मेशिनरी तथा अउजार मर्मत तथा संचालन | | | २००००० |
| | मसलन्द तथा कार्यालय सामाग्री गापा तर्फ | | | २०००००० |
| | इन्धन अन्य प्रयोजन | | | ० |
| | पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च | | | १०००००० |
| | अन्य कार्यालय संचालन खर्च | | | १००००० |

| | | | |
|---|---|---|---|
| सेवा र परामर्श खर्च | | | १००००० |
| अनुगमन मूल्यांकन खर्च | | | २०००००० |
| भ्रमण खर्च | | | ४००००० |
| अन्य भ्रमण खर्च | | | ० |
| विविध खर्च | | | २५००००० |
| सभा संचालन खर्च | | | ८००००० |
| छात्रबृति | | | ० |
| उद्धार राहत तथा पुनस्थापन खर्च | | | ० |
| अउषधी खरिद खर्च | | | २०००००० |
| घरभाडा | | | १४००००० |
| सवारी साधन तथा मेशिनरी अउजार भाडा | | | ० |
| भैपरी आउने चाँलु खर्च | | | १५००००० |
| वाइक मर्मत पुरानो | | | ६००००० |
| शिक्षा तर्फ | | | ५००००० |
| स्वास्थ्य तर्फ | | | ८००००० |
| कार्यपालिका सदस्य कार्यक्रम | | | १८००००० |
| पशु शाखा तर्फ | | | |
| न्यायिक तर्फ | | | |
| महिला विकास तर्फ | गाउँपालिका तर्फ | | |
| सम्पर्ण शाखालाइ | गाउँपालिका तर्फ | | |
| आइटी तर्फ | गाउँपालिका तर्फ | | |
| सम्पूर्ण शाखा | गाउँपालिका तर्फ | | २०००००० |
| लघुउधम शाखा तर्फ | गाउँपालिका तर्फ | | |
| खानेपानी शाखा | गाउँपालिका तर्फ | | |
| पंजीकरण शाखा | गाउँपालिका तर्फ | | |
| रोजगार शाखा | गाउँपालिका तर्फ | | |
| प्रशासन शाखा तर्फ | गाउँपालिका तर्फ | | |
| योजना शाखा तर्फ | गाउँपालिका तर्फ | | |
| अध्यक्ष | गाउँपालिका तर्फ | | १०००००० |
| उपाध्यक्ष | गाउँपालिका तर्फ | | ७००००० |
| विपत व्यवस्थापन | गाउँपालिका तर्फ | | १५००००० |
| राष्टपति रनिग सिल्ड जिल्ला स्तरिय | गाउँपालिका तर्फ | | ० |
| शैक्षिक भ्रमण | गाउँपालिका तर्फ | | ० |
| जनप्रतिनिधि तथा कर्मचारि भ्रमण | गाउँपालिका तर्फ | | ० |

| | | | |
|---|---|---|---|
| स्थानिय पाठ्यक्रम | गाउँपालिका तर्फ | | १३००००० |
| प्राविधिक शाखा र उपभोक्ता | गाउँपालिका तर्फ | | ० |
| ओलो सम्बधि गोष्ठी | गाउँपालिका तर्फ | | ० |
| कार्यक्रम सम्बन्धि अभिमुखिकरण तालिम | गाउँपालिका तर्फ | | ० |
| लिजा फारा खर्च | गाउँपालिका तर्फ | | ० |
| ल्याब सम्बन्धि सामाग्रि खरिद | गाउँपालिका तर्फ | | ० |
| जिन्सी व्यवस्थापन र तालिम | गाउँपालिका तर्फ | | ० |
| डिजिटाइजेश सम्बन्धि | गाउँपालिका तर्फ | | ० |
| खाने पानि तथा सरसफाइ जनचेतना | गाउँपालिका तर्फ | | ० |
| महिला हिशा जनचेना | गाउँपालिका तर्फ | | ० |
| शैक्षिक पात्रो | गाउँपालिका तर्फ | | ० |
| पालिका स्थरिय परिक्षा संचालन | गाउँपालिका तर्फ | | ० |
| गाउपालिका बाट बालबिकाश कार्मचारि | गाउँपालिका तर्फ | | ० |
| इ विडिड तालिम | गाउँपालिका तर्फ | | ० |
| नारि दिवश | गाउँपालिका तर्फ | | ० |
| अध्यक्ष कार्यकक्ष चिया खाजा | गाउँपालिका तर्फ | | ७००००० |
| उपाध्यक्ष कार्यकक्ष चिया खाजा | गाउँपालिका तर्फ | | ४००००० |
| वडा अध्यक्ष खाजा नास्ता | गाउँपालिका तर्फ | | २४००००० |
| स्वास्थ्य तर्फका सम्पुर्ण करार कर्मचारि | गाउँपालिका तर्फ | | ४८००००० |
| वडा नं १ देखि ६ तर्फका सम्पुर्ण करार कर्मचारि स क अ र का स | गाउँपालिका तर्फ | | २८८०००० |
| गा पा तर्फका सम्पुर्ण करार कर्मचारि २०८०।०८१ | गाउँपालिका तर्फ | | ४५००००० |
| एम्बुलेस्स संचालन तथा जनसक्ति व्यवस्थापन | गाउँपालिका तर्फ | | १०००००० |
| गर्भवती आम तथा बालवालिका तथा किशोर किशोरि विशेष अध्यक्ष उपाध्य पोषण कोशेलि कार्यक्रम | गाउँपालिका तर्फ | | ० |
| जेष्ठ नागरिक वालवालिका तथा अपाङ्गता भएका हरुका लागि घर दैलौ स्वास्थ्य सिविर | गाउँपालिका तर्फ | | ० |
| कल्खे पाल्स र वडा नं ४. मा वर्थिङ्ग संचान व्यवस्थापन खर्च | | | ० |
| लोठी र श्रीगर स्वास्थ्य चौकिमा EHMIS स्टम सुरुवातका लागि आवस्यक सामाग्रि तथा सर्फटवर खरिद | | | ० |
| मेडिक मवाइल कार्यक्रमको सुरुवात | | | ० |
| आकस्मिक कोष निर्माण | | | ० |
| मलेरिया कालाजार र क्षयरोग निवारणका लागि जनसक्ति व्यवस्थापन तथा आवस्यक सामाग्री खरिद | | | ० |

CamScanner

| | | | |
|---|---|---|---|
| प्रजलन स्वास्थ्य रुगणता तथा व्यवस्थित मेनावारि सम्वन्धित स्थानिय सरकार प्रमुख /प्रत्तिनिधि,महिला अगुवा पत्रकार र धार्मिक अगुवा संग अन्तरक्रिया कार्यक्रम | | | ० |
| स्वास्थ्य तर्फका सम्पुर्ण दिवश तथा अर्थिति सत्तकार | | | ० |
| खोव तथा वृद्दी अनुगमन गर्न समुदायमा खटिने स्वाथ्य कर्मिहरुलाइ प्रोसहान खर्च | | | ० |
| स्वास्थ्य संस्था मसलन्द खच | | | ० |
| ओषधि खरिद भेटनरि शाखा | | | ४००००० |
| परजिवी नियन्त्रण सम्वन्धी शिविर तथा पशु वन्ध्याकरण शिविर | | | ० |
| स्वास्थ्य र अन्य दायित्व | | | ४००००० |
| मासिक समिक्षा गोष्ठ पसु शाखा | | | ० |
| कृषकको तथा प्राविधिकको लागि क्षमता विकास तालिम | | | ० |
| जनचेनामुलक कार्यक्रम ( बाल विबाहा,वहु बिबाहा ,छुवाछुत र छाउपडी प्रथा सम्बन्धि विभिन्न कार्यक्रम | | | ० |
| वाल समुह गठन | | | ० |
| गाउँपालिका तथा रोजगार शाखा शाजेदारि आयोजना सम्वन्धमा गोष्ठी | | | ० |
| ५०%बिउबिजन खरिद र हिउँदे तरकारिको लागि गृन हाउस | | | ० |
| स्वास्थ्य तर्फका सम्पुर्ण करार कर्मचारि पुरानो २०८०।०८१ | गाउँपालिका तर्फ | | ५४७२००० |
| वडा नं १ देखि ६ तर्फका सम्पुर्ण करार कर्मचारि स क अ र का स पुरानो २०८०।०८१ | गाउँपालिका तर्फ | | २८८०००० |
| गा पा तर्फका सम्पुर्ण करार कर्मचारि २०८०।०८१ | गाउँपालिका तर्फ | | ५२१८९८० |
| यस गाउँपालिकाको कार्यपालिकाको वेठकलाई मध्यनजर गरी कार्यपालिका सदस्यका लागि एक टेवल एक रोष्टअम | गाउँपालिका तर्फ | | ० |
| SMART BOARD | गाउँपालिका तर्फ | | ० |
| सफटवर सम्बन्धी कामद अपाङ्ग भत्ता पाउने लाइ डिजिटल काट सम्बन्धि SOFTWARE | गाउँपालिका तर्फ | | ० |
| गाँपालिका स्थरिय क्षमता विकाश तालिम क अ | | | ० |
| सुचना मैत्री बनाउन जनप्रनिधि संग कार्यशाला गोष्टी | | | ० |
| गाउँपालिकाको website लाक्षे प्रभावकारि वनाउन जनप्रतिनिधि संग यस सम्बन्धमा गोष्ठी | | | ० |
| पन्जीकरण सम्बन्धी बिभिन्न कार्यक्रम | | | ० |
| | | | |

| | | | |
|---|---|---|---|
| पन्जीकरण सम्बन्धी घटना दर्ता कार्यक्म | | | ० |
| हिमालय फर्मा वडा नं ४ ५ ६ | | | ५००००० |
| कार्यपालिका सदस्य खाजा खर्च | | | ६००००० |
| Global drive Electronic device | | | ० |
| पात्रो निकाल्न | गाउँपालिका तर्फ | | ५०००० |
| एम्बुलेस्स संचालन तथा जनसक्ति व्यवस्थापन पुरानो २०८०।०८१ | गाउँपालिका तर्फ | | ३००००० |
| सुर्योदय मा वि विज्ञान शिक्षक पारिक्षक | | | ५६८००० |

CamScanner

अनुसुची-०२

श्रीमान् सभाध्यक्ष महोदय

उपस्थित महानुभावहरु

१६२. यसरी आ. व. २०८१।०८२ को नीति तथा कार्यक्रम र वजेटको उत्तरार्धमा पुगिरहँदा बजेट बनाउन सहयोग पुऱ्याउनु हुने गाउँ सभा, गाउँ कार्यपालिका, वडा समितिका पदाधिकारी ज्यूहरु, राजश्व परामर्श समिति, स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत सम्पूर्ण विषयगत समितिका पदाधिकारी ज्यूहरु, बस्तीस्तरीय भेलादेखि सहभागी भइ आयोजना कार्यक्रम छनौंटमा प्रत्यक्ष र परोक्ष रुपले सकृय जनसमुदाय, वजेट निर्माण प्रकृयामा अहोरात खटिरहनु भएका कर्मचारी ज्यूहरु लगायत वजेट निर्माण प्रकृयामा प्रत्यक्ष र परोक्ष रुपले सहभागी हुनुहुने एवम् अमुल्य सहयोग, सद्भभाव र सल्लाह दिनुहुने सम्पूर्ण प्रति आभार ब्यक्त गर्दछु ।

१६३. अदानचुली गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउनुहुने अदानचुली गाँउपालिकाका नागरिक कर प्रदायकहरू अदानचुली गाउँपालिकाको हित र समुन्नतिका लागि कार्यरत सबै विकासका साझेदार सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरू र संचार माध्यमहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

कर्ण रोकाया

उपाध्यक्ष, अदानचुली गाउँपालिका

***धन्यवाद***